# भूमे साप्ताहिक

वर्ष ६ अङ्क १६ २०८१ भदौ ३० आईतबार


सम्पादकीय

## संविधान दिवसको शुभकामना

यही असोज ३ गते संविधान दिवस ठीक नौ वर्ष पुग्दै छ। २०७२ असोज ३ गते जनताबाट निर्वाचित प्रतिनिधिहरूले संविधान सभाबाट नेपालको संविधान जारी गर्नु भएको थियो। नेपाली जनताले पहिलो पटक आफ्नो संविधान आफै जारी गरेको ऐतिहासिक दिनको अवसरमा भूमे साप्ताहिक परिवार सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछ।

देश र जनताको परिवर्तनका लागि भएका जनक्रान्ति, जनयुद्ध एवम् जनआन्दोलन, मधेश आन्दोलन लगायतका न्यायपूर्ण आन्दोलनमा अमूल्य योगदान गर्नुहुने इतिहास निर्माता आदरणीय नेपाली नागरिक प्रति भूमे साप्ताहिकका पाठक वर्गमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं। यी तमाम आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने अमर शहिद प्रति उच्च सम्मान गर्दछौं।

संघीयता, लोकतान्त्रिक गणतन्त्र, सामाजिक समावेशीता, सामाजिक न्याय र नागरिकको मौलिक हक अधिकारलाई व्यवस्था गर्न बनेको संविधान प्रति हामी सार्वभौम नागरिकको हरेक वर्ष असोज ३ गते गौरवपूर्ण दिन हो। मुलुकको शासनव्यवस्था परिवर्तनका क्रममा प्रजातन्त्र, बहुदलीय प्रजातन्त्र हुँदै सङ्घीय लोकतान्त्रिक गणतन्त्र समृद्धि हासिलमा दिगो प्रस्थानबिन्दु भएको छ। लोकतन्त्रको संस्थागत सुदृढीकरणको महाअभियानमा जनता सर्वोपरि शक्तिका स्रोत हुन्। वैश्विक परिवेश अनुसार 'जनताद्वारा, जनताका लागि, जनताको शासन' को सरल परिभाषामा बाँधिएको 'लोकतन्त्र' नेपाली परिवेशमा गणतन्त्रको जगमा समृद्धि यात्रातर्फ उन्मुख छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासनव्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न नै संविधान सभाद्वारा मुलुकको संविधान जारी गरिएको हो। यद्यपि सबैभन्दा ठुलो चुनौती भनेकै लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको संस्थागत सुदृढीकरण हो। न्याय र समानतामा आधारित समाज निर्माण गर्दै चाँडो समृद्धि हासिल गर्ने गतिशीलता हो। संविधान संशोधनको आवश्यकताबोध अझ सुदृढ लोकतन्त्रकै निम्ति हुनुपर्ने छ। विधि मर्मज्ञहरूको चिन्तन पनि यसै विषयमा केन्द्रित छ।




**प्रकाशक**

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# भूमे–३ मा बाल दिवसको अवसरमा वडा स्तरीय रनिङ शिल्ड प्रतियोगिता



❖ बालाराम शेर्पाली

रुकुमपूर्वको भूमे गाउँपालिका–३ क्याङ्सीमा ६० औं राष्ट्रिय बाल दिवसको अवसरमा वडा स्तरीय रनिङ शिल्ड प्रतियोगिता आयोजना गरी दिवस मनाइएको छ। "बालबालिकामा लगानी, सुनिश्चित भविष्यको थालनी" भन्ने मुल नाराका साथ भूमे–३ क्याङ्सीमा वडा कार्यालयको आर्थिक सहयोगमा वडा स्तरीय रनिङ शिल्ड प्रतियोगिता आयोजना गरी बाल दिवस मनाइएको हो।

बाल दिवसको अवसरमा वडामा रहेका ४ वटा आवि स्तरीय विद्यालयको कक्षा १ देखि ८ मा अध्ययनरत विद्यार्थीको क्षमता पहिचान गर्न विविध प्रतियोगिता सञ्चालन गरिएको वडाध्यक्ष प्रशुराम बुढाले जानकारी दिनुभयो। शहिद शुक्र मावि सिमा, नमुना आवि मोराबाङ, शहिद बासु स्मृति आवि क्याङ्सी र टकसार आवि झुम्लाबाङ वडा स्तरीय रनिङ शिल्ड प्रतियोगितामा सहभागिता रहेको थियो। छात्रछात्रा भलिबल, लङजम्प, सटफुड, सय मिटर दौड, हाईजम्प, हिसाब दौड, मेमोरी खेल वक्तृत्वकला, हाजिरी जवाफ लगायत खेलकुद प्रतियोगिता सञ्चालन गरिएको वडाध्यक्ष बुढाले जानकारी दिनुभयो।





प्रमुख अतिथि तथा भूमेगाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले वडा कार्यालयले निकै नै अनुकरणीय काम गरेको बताउनुभयो। अहिले गाउँपालिकाले भौतिक निर्माणका संरचनासँगै शिक्षालाई जोड दिएको अध्यक्ष श्रेष्ठले बताउनुभयो। अध्यक्षले भन्नुभयो, “हामी लगानी तर्फ लागि रहेको छौं। समाज निकै अगाडि छ। हजारौं वर्ष सम्म सामाजिक विकासको आधार शिक्षालाई मानेर शिक्षामा लगानी गर्दै गएका छौं।”

आफूहरू निर्वाचित भए देखि खस्किदो शिक्षालाई उकास्न अहोरात्र गाउँपालिका खटिरहेको उहाँको भनाइ रहेको छ। गाउँपालिकाले शैक्षिक ऋण, छात्रवृत्तिमा र विज्ञान प्रविधिमा जोड्न निःशुल्क कम्प्युटर शिक्षा कार्यक्रम सञ्चालन भइरहेको अध्यक्ष श्रेष्ठले बताउनुभयो। बालबालिकाको क्षेत्रमा लगानी गरे भविष्यमा राम्रो प्रतिफल आउने श्रेष्ठले बताउनुभयो। बालबालिका भनेका भविष्यका कर्णधार भएकाले बालबालिकालाई सिर्जनात्मक कार्यमा लगाउन जरूरी रहेको समेत उहाँले बताउनुभयो।

भूमे–३ वडाध्यक्ष प्रशुराम बुढा मगरले बालबालिकाको चौतर्फी विकास गर्नको लागि वडा कार्यालयले गत वर्ष देखि राष्ट्रिय बाल दिवसको अवसर पारेर वडा स्तरीय रनिङ शिल्ड सुरुवात गरिएको बताउनुभयो। वडाको बजेटले वडा भित्र रहेका ४ वटा आधारभूत तहका विद्यालयका विद्यार्थीको क्षमता पहिचान गर्नको लागि विभिन्न विधाका खेलकुद सञ्चालन गरिएको उहाँले बताउनुभयो।

शहिद बासु स्मृति आवि क्याङ्सीका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भान्देउ रोकाको अध्यक्षतामा कार्यक्रम गरिएको थियो। कार्यक्रमका प्रमुख अतिथि भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठको रहेको थियो भने विशेष अतिथिमा वडाध्यक्ष प्रशुराम बुढा, वडा सदस्य निमकुमारी बिक, जेभिएफका फिल्ड संयोजक शिवकुमार बुढामगर, ४ वटै विद्यालयका प्रअ लगायत अभिभावकको उपस्थित रहेको थियो। उक्त कार्यक्रमको सञ्चालन शहिद बासु स्मृति आविका प्रअ तुलाराम खड्काले गर्नु भएको थियो।

# एकीकृत कृषि तथा पशुपन्छी विकासको वार्षिक कार्यक्रम सार्वजनिक

## *किसानको मर्म र पीडालाई बुझेर काम गर्दै जादा कार्यक्रम प्रभावकारी देखियो*




❖ बालाराम शेर्पाली

एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय रुकुमपूर्वले वार्षिक कार्यक्रम सार्वजनिक गरेको छ। आर्थिक वर्ष २०८०/०८१ को वार्षिक कार्यक्रम सार्वजनिक गरेको हो।

एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय रुकुमपूर्वका कार्यालय प्रमुख डिल्लीराज पौडेलले आर्थिक वर्ष २०८०/०८१ को वार्षिक कार्यक्रम प्रस्तुत गर्नुभएको थियो। प्रमुख पौडेलले प्रस्तुत गर्नु भएको वार्षिक कार्यक्रममा उपस्थित सबैले आ–आफ्नो धारणा तथा सल्लाह, सुझाव दिदै अबका दिनमा अनुदान दिने विषयमा कार्यालयले विशेष ध्यान दिनुपर्ने बताएका छन्। विशेषगरी एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयले जिल्लामा भौतिक संरचनासँगै कृषि तथा पशुपन्छी क्षेत्रमा धेरै लगानी गरेको कुरा गर्व गर्नलायक भएपनि अनुदानको कुरामा समस्या देखिएको बताएका छन्। अनुदानको दुरुपयोग भएको पाइएमा कारबाही गर्नु पर्नेमा जोड दिएका हुन्।

अबको नीति किसानलाई सहुलियतपूर्ण ऋण दिने व्यवस्था लागु गरिनुपर्ने धारणा राखेका छन्।

सार्वजनिक कार्यक्रमको प्रमुख अतिथि तथा जिल्ला समन्वय समितिका प्रमुख मेघबहादुर श्रेष्ठले अनुदानका कुरामा केही प्रश्न उठे पनि विस्तारै रुकुमपूर्वमा विकासले फड्को मारेको बताउनुभयो। प्रमुख श्रेष्ठको अनुसार पहिले छिमेकी जिल्ला रोल्पामा रहेको कृषि ज्ञान केन्द्रबाट जिल्लावासीले सेवा लिदा धेरै दुःख खेप्नु परेको थियो। अहिले हाम्रो जिल्लामा नै एकीकृत कृषि तथा पशुपन्छीको कार्यालय आएपछि धेरै कुरामा नागरिकलाई सहज भएको प्रमुख श्रेष्ठले बताउनुभयो। धेरै किसानलाई प्यान र भ्याट सम्बन्धी ज्ञान नहुँदा धेरै दुःख पाएको भन्दै सरकारले यो विषयमा सहजताका लागि प्रष्ट र सजिलो विधि ल्याउनुपर्ने उहाँको भनाइ रहेको थियो।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै विशेष अतिथि तथा भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठले कुनै समूह वा व्यक्ति केन्द्रीत भएर अनुदान दिने भन्दा एकीकृत बस्ती वा वडामा केन्द्रीत भएर अनुदान दिने कुरामा अघि बढ्न सके नागरिकको लागि राम्रो कार्य हुने बतानुभयो। पछिल्लो समय भूमे गाउँपालिकाले किसानको मर्म र पीडालाई बुझेर काम गर्दै जादा प्रभावकारी देखिएको बताउनुभयो। गाउँपालिकाले कृषि क्षेत्रमा एकीकृत बस्ती विकासको कुरालाई विशेष ध्यान दिएको र त्यसका लागि स्थानीय सरकार एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयसँग सहकार्य तथा समन्वय गर्न तयार रहेको अध्यक्ष श्रेष्ठले बताउनुभयो।

यस्तै सिस्ने गाउँपालिकाका अध्यक्ष कृष्ण रेग्मीले अनुदानमा चलखेल तथा दुई नम्बरी भएको भन्ने कुरा उठ्न थाले पछि गाउँपालिका पनि त्यो कुरामा सजक बनेको बताउनुभयो। पछिल्लो समय वैदेशिक रोजगारी विभाग र राजनीतिक दल युवा शक्तिलाई कसैलाई माथिल्लो बाटो र कोहीलाई तल्लो बाटो विदेश पठाउन कम्मर कसेर लागिरहेको अध्यक्ष रेग्मीले बताउनुभयो। कृषिमा सही तरिकाले लगानी गर्न सकेमा युवालाई नेपालमै रोजगारी दिन सकिने रेग्मीको भनाइ रहेको छ।

प्रमुख जिल्ला अधिकारी माधवप्रसाद शर्माले अर्गानिक जिल्लाको पहिचान भएको यस जिल्लालाई नमुना र उत्कृष्ट जिल्ला बनाउन जिल्लाको स्रोत साधनलाई सही सदुपयोग गरी मन लगाएर स्थानीय सरकार र प्रदेश स्तरको कार्यालय एकआपसमा हातेमालो गरेर अघि बढे त्यो सार्थक हुने बताउनुभयो।

सिस्ने गाउँपालिकाका पूर्व अध्यक्ष कुमारी बरालले आफू गाउँपालिकामा हुँदा भैंसी पाल्ने धेरै किसानलाई ठूलो अनुदान

दिएको तर ती अनुदान पाएका किसान अहिले कहाँ छन् भन्ने स्थितिमा रहेको भन्दै अब स्थानीय तह वा अन्य कार्यालयले अनुदानमा भन्दा पनि सहुलियतपूर्ण ऋणको अवधारणालाई अघि सार्नुपर्ने बताउनुभयो। एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय रुकुमपूर्वका प्रमुख डिल्लीराज पौडेललेको अध्यक्षतामा भएको वार्षिक सार्वजनिक कार्यक्रममा जिसस प्रमुख मेघबहादुर श्रेष्ठको प्रमुख आतिथ्यता रहेको थियो भने विषेश अतिथि भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठ, सिस्ने गाउँपालिका अध्यक्ष कृष्ण रेग्मी, प्रजिअ माधवप्रसाद शर्माको रहेको थियो। यस्तै कार्यक्रममा विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाका प्रमुख तथा प्रतिनिधिको उपस्थिति रहेको थियो।


# मावि सिमाको सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न

मावि सिमाको सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न

रुकुमपूर्वको भूमे गाउँपालिका–३ मा रहेको शहिद शुक्र माध्यमिक विद्यालय सिमाको सार्वजनिक परीक्षण कार्यक्रमको सार्वजनिक सुनुवाई सम्पन्न भएको छ। मावि सिमाको आयोजनमा बिहीबार विद्यालयको सार्वजनिक सुनुवाई कार्यक्रम गरिएको हो।

आर्थिक वर्ष २०८०/८१ को सार्वजनिक सुनुवाई गरिएको छ। विद्यालयमा वर्षभरी सञ्चालन भएका भौतिक तथा शैक्षिक र आर्थिक अवस्थाको आयव्ययको सार्वजनिक सुनुवाई गरिएको शहिद शुक्र माविले जनाएको छ। उक्त विद्यालयको आव २०८०/०८१ मा खर्च भएको वार्षिक सार्वजनिक सुनुवाई प्रतिवेदनमा उल्लेख गरिएको छ। अहिले सम्म विद्यालयको आय ८ लाख ८९ हजार ३ सय ३० रुपियाँ रहेको छ भने व्यय खर्च तर्फ ७ लाख ९ हजार ८ सय ४८ रुपियाँ रहेको विद्यालयका लेखापाल राजन पुन मगरले जानकारी दिनुभयो।

# परिश्रमको फल मिठो कृषकहरुको अथक मेहनतले गर्दा सिजनमा लाखौ रुपैयाँ आम्दानी गर्नुभएको छ : परियोजना अधिकृत भुजेल



*नेपाल समुन्नति परियोजना प्राक्टिकल एक्शन परियोजना अधिकृत दिपेन्द्र भुजेल हुनुहुन्छ।*

**समुन्नति परियोजनाको बारेमा केही बताईदिनुसन ?**

समुन्नति परियोजना युके एडको आर्थिक सहयोगमा प्राक्टिकल एक्शन नेपाल र बिकास सरोकार समाज (डिकोस) द्धारा संचालित तीन वर्षे परियोजना हो। यो परियोजना जनवरी २०२२ मा शुरु भएको हो र डिसेम्बर २०२४ मा सकिँदै छ। दाङ्ग, रोल्पा र रुकुमपूर्व जिल्लाका आँठ वटा गाउँपालिकाहरु (दंगीशरण, शान्तिनगर, रुन्टीगढी, त्रिवेणी, परिवर्तन, थवाङ्ग, भूमे र पुथा उत्तरगंगा गाउँपालिकामा संचालित रहेको छ। यस परियोजनाको लक्षित घरधुरी ६ हजार छ। हामी अहिले ६ हजार १३ घरधुरीमा पुगीसकेका छौं। त्यस मध्ये ५ हजार ५ सय ०६ घरधुरीमा कृषि अन्तर्गत र ५ सय ७ घरधुरी उद्यम अन्तर्गत हुनुहुन्छ। यस परियोजनाको मुख्य लक्ष्य भनेको सन् २०३० सम्ममा नेपालको चरम गरिबीलाई ५ प्रतिशत भन्दा कममा झार्ने नेपाल सरकारको दीगो विकास लक्ष्यको लक्ष्यमा नं.१ मा योगदान पुर्‍याउनेहो भने नेपालको लुम्बिनी प्रदेशको परियोजना क्षेत्रका ६ हजार घरधुरी (महीला, सिमान्तकृत समुदायका पुरुष र अपांगता भएका ब्यक्तिहरु) को बजारमुखी कृषि उत्पादन र गैर कृषि रोजगारीबाट आर्थिक र सामाजिक उत्थानशीलतामा सुधार गर्ने मुख्य उद्धेश्य रहेको छ।

**समुन्नति परियोजनाका कार्यक्रमका क्षेत्रहरु कुन कुन हुन ?**

हामी मुख्य गरि ५ वटा क्षेत्रहरुमा काम गरिरहेका छौं। जलवायु मैत्री कृषि उत्पादनमा बृद्धि, बजारमा पहुंच तथा बिस्तार, उद्यमशील क्षमतामा अभिबृद्धि,

सुलभ वित्तमा पहुँच र महीलाहरुको कार्यबोझ न्युनीकरण तथा शसक्तिकरण हामीले काम गर्ने क्षेत्रहरु हुन्।

## भूमे गाउँपालिकाको कुन कुन वडाहरुमा काम गर्नुभएको छ ?

हामी भूमे गाउँपालिकाको वडा नम्बर २ को काँक्री, सैपातुङ्ग, ठुलोगाउँ, आरुडाँडा र खाबाङ्ग बगर र वडँ नम्बर तीनको को सीमा र मोराबाङ्ग र ४ नं. वडाको तल्लो साकिम, काँडा र काफलडाँडा वडा नं. ५ को उपल्लो साकिम र सेरवाङ्ग ६ को (महत र वडा नं. ८ पाछावाङ्ग, झिम्का, कोईचालम, मैवाङ्ग, तल्लो मैवाङ्ग, कुचिवाङ्ग, पैरावाङ्ग, माथिल्लो गाउँ र लिघाका गाउँ बस्तीहरुमा काम गरिरहेका छौं।

## भूमे गाउँपालिकामा कसरी काम गरिरहनुभएको छ ?

सबैभन्दा पहिले हामीले भूमे गाउँपालिकामा परियोजनाको परिचयात्मक कार्यक्रम राखेका थियौंत्यस कार्यक्रमबाट नै कुन कुन वडा र वस्तीहरुमा जाने भन्ने बारेमा छलफल र निर्णय गर्‍यौं।हामीले बस्तीस्तरको कार्यक्रम राखी कृषकहरुकै सहभागीतामा पहिले नै कृषि शाखाले गठन गरेका र परियोजनाका मापदण्डभित्र पर्ने कृषक समुहहरुलाई परियोजना अन्तरगत समाबेश गर्‍यौं। समुह नभएका ठाउँहरुमा मात्रै हामीले नयाँ समुहहरु गठन गरेका छौं।जस्को फलसोरुप अहिले देखिदै छ।भूमे गाउँपालिकामा अहिले हामीले २८ वटा कृषक समुहहरुमा काम गरिरहेका छौं।

जसमा ६ सय ७४ घरधुरी आबद्ध हुनुहुन्छ।जसमध्य ५ सय ६३ महीला, १ सय ११ पुरुष छन् भने दलित १ सय ७२, जनजाती ४ सय ९३ र ब्राम्हण क्षेत्री ९ घरधुरी हुनुहुन्छ।त्यस्तै अपाङ्गता भएका ब्यक्ति ५९ जना हुनुहुन्छ।हामीले प्रत्येक समुहहरुबाट अगुवा कृषकहरु छनौट गरि उनीहरुलाई ४ दिने कृषि पर्यावरण तथा पुनरुत्पादक कृषिमा आधारित तरकारी खेती तालिम दियौं र तीनै अगुवा कृषकहरुको बारीमा कृषक जलवायु पाठशाला स्थापना गर्‍यौं।कृषक जलवायु पाठशालामा ८ वटा मोड्युलहरुको बारेमा छलफल हुन्छ।

सिजन अनुसार यो पाठशाला ३ देखी ६ महीनासम्म चल्छ जसबाट कृषकहरुले पर्यायवरण, पुनरुत्पादक कृषि, मौषम, जलवायु, कृषि मोबाईल एपहरु, नर्सरी, कृषि कर्महरु र उत्पादन उपरान्तको कृयाकलापहरुबारे जानकारी पाउँदछन्।हामीले यस गाउँपालिकाको २ ठाउँ (सीमा र कुचीवाङ्ग) मा पर्यायवरणीय तथा पुनरुत्पादक कृषि सिकाई केन्द्र समेत स्थापना गरेका छौं।

जहाँ पुनरुत्पादक कृषिका बिभिन्न प्रबिधिहरुको प्रर्दशनी गरिएको हुन्छ जसबाट अरु कृषकहरुले सिक्ने गर्दछन्।परियोजना गए पनि यहाँका कृषकहरुले निरन्तर प्राबिधिक सेवा सुविधा पाईराखुन भन्ने उद्धेश्यले हामीले यस गाउँपालिकामा ८ जना स्थानीय सेवा प्रदायक, ३ जना ग्रामीण पशु सेवा कार्यकर्ता र २ जना वाली तथा पशु बीमा अभिकर्ताहरु तयार गरेका छौं।

स्थानीय सेवा प्रदायकहरुले १५ दिने, ग्रामीण पशु सेवा कार्यकर्ताहरुले ३५ दिने र वाली तथा पशु बीमा अभिकर्ताहरुले तालिम लिनुभएको छ र आ-आफ्नो क्षेत्रमा सेवा दिन सक्षम हुनुहुन्छ।कृषकहरुले पर्यायवरणलाई जोगाउँदै पुनरुत्पादक कृषिलाई अंगाल्दै सुरक्षित तरकारी खेती गर्दै आफ्नो उत्पादन बढाउँदै लगी मनग्य आम्दानी गरिरहनु भएको छ।

**भूमे गाउँपालिकाको वडा नं. ८ कुचीवाङ्गमा पहिले र अहिले कस्तो भिन्नता पाउनुभएको छ ?**

यसको कथा अलि फरक छ।शुरुमा गाउँपालिकामा छलफल गर्दा यो वस्तीमा जाने कुनै निर्णय भएको थिएन।हाम्रो परियोजनाको कृयाकलापमा २ वटा ग्राभिटी गुड्स रोपवे (जिजिआर) निर्माण गर्ने योजना थियो।जिजिआर भनेको बिना शक्ति गुरुत्वाकर्षणको वलले तल माथीको सामान ढुवानी गर्ने एउटा प्रबिधि हो।
जस्तोसुकै ठाउँमा यो बनाउन मिल्दैन त्यसकारण यसको लागी हामी ठाउँको छनौट गर्दै थियौ।
हामीले धेरै ठाउँमा यसको सम्भाब्यता अध्ययन गऱ्यौं तर भूमे गाउँपालिकाको वडा नं.८ कुचीवाङ्गमा मात्र यसको संभावना देखियो।हामीले माथी गाउँमा गएर पनि अध्ययन गऱ्यौं।सबै कुरा अनुकुल थियो तर गाउँमा तरकारी खेती गर्ने चलन थिएन।

कृषकहरु खाली स्थानीय अन्नवाली र तरकारीको नाममा आलु, स्थानीय मूला, स्थानीय काँक्रो र सागको मात्र खेती गर्ने गर्दथे त्यो पनि आफ्नो उपभोगको लागी मात्र।प्रायः मानिसहरु मजदुरीको लागी भारत र छिमेकी जिल्ला बाग्लुङ्ग, मुस्ताङ्ग जाने रहेछन्।त्यसको कारण खोज्दै जाँदा प्राविधिक ज्ञानको कमी, सिंचाईको अभाव, महंगो र अप्ठ्यारो ढुवानी, बजारको कमी र जानकारी नहुनु आदि कारणहरुले गर्दा तरकारी खेतीबाट मनग्य आम्दानी गर्न सक्ने वातावरण हुँदाहुँदै पनि त्यहाँका कृषकहरुले नगरेको हामीले पायौं।

हामीले स्थानीयहरुसंग पनि कुरा गऱ्यौं, उनीहरुले तरकारी खेती गर्न तयार छौं।पनि भने तर यत्तिकैमा पत्याउन सक्ने कुरा पनि थिएन।हामीले गाउँपालिका र वडासंग कुरा गऱ्यौं।पालिका तथा वडाका जनप्रतिनिधिहरुले यसमा ठुलो सहयोग गर्नुभयो।

समुन्नति परियोजनाले जिजिआर र सिंचाई निर्माण गर्ने, गाउँपालिकाले तालिम र कृषि सामाग्री सहयोग गर्ने र त्यस गाउँलाई एउटा मोडेल गाउँको रुपमा बिकास गर्ने सहमति भयो।

सहमति अनुसार समुन्नति परियोजनाले जिजिआर र ५ किलोमिटर टाढाको श्रोतबाट पानी ल्याई ३ वटा पोखरी सहितको सिंचाई आयोजना निर्माण गऱ्यो भने गाउँपालिकाले परियोजनाको समन्वयमा किसान केयर भन्ने संस्थाबाट बिज्ञ झिकाई कृषि पर्यावरण तथा पुनरुत्पादक कृषिमा आधारित तरकारी खेती तालिम संचालन गऱ्यो साथै प्लाष्टिक मल्च, बीउबिजन र अन्य कृषि सामाग्रीहरु सहयोग गऱ्यो।

शुरुमा २ सय ४३ घरधुरी मध्य ८१ घरधुरीले मात्र तरकारी खेती गर्न तयार भए।उनीहरु सबैले उन्नत कम्पोष्ट मल, झोल मल र वानस्पतिक बिषादी बनाए।हामीले त्यहीं नै बस्ने गरि ९ महीनाको लागी परियोजनाबाटै कृषि प्राबिधिक राख्यौं जसले निरन्तर कृषकको घरघरमै गई सेवा दिनुभयो।

हामीले पनि परियोजना कार्यालयबाट नियमित अनुगमन गऱ्यौं र गाउँपालिकाको कृषि शाखाले पनि सकेअनुसार प्राबिधिक सहयोग गऱ्यो।

परियोजना र गाउँपालिकाको लगानी र प्राबिधिक सहयोग साथै कृषकहरुको अथक मेहनतले गर्दा पहिलो सिजनमानै त्यस गाउँका ८१ जनाले लगभग २५ लाख रुपैंया कमाए।यो भन्दा अघिल्लो प्याजको सिजनमा १ जना अपाङ्गता भएका कृषकले प्याजबाट मात्रै १ लाख ५४ हजार रुपैंया कमाउनुभएको छ।

अहिले त्यहाँ २ सय भन्दा बढी कृषकहरुले ब्यवसासायिक रुपमा तरकारी खेती गरि रहनुभएको छ।जिजिआरबाट ढुवानी गरि ब्यापारीमार्फत तरकारी बेची लाखौं रुपैयाँ कमाईराख्नु भएको छ।गाउँपालिकाले निरन्तर रुपमा मोडेल गाउँको लागी बर्षेनी बजेट बिनियोजन गरिरहेको छ।

ब्यवसायिक तरकारी खेती गर्ने कृषकहरुको संख्या, तरकारी खेती गर्ने जमीनको क्षेत्रफल, तरकारीका प्रकार र जातहरु प्रत्येक सिजनमा बढ्दैछन्।गएको २ बर्षमा कुचीबाङ्गको मुहार नै फेरिएको छ र यो अझै बढ्दो क्रममा छ।

**यसबाहेक परियोजनाले भूमे गाउँपालिकामा गरेका अन्य कामहरुको बारेमा संक्षिप्तमा बताईदिनुस ?**

हामीले परियोजना मार्फत अन्य धेरै कामहरु यस गाउँपालिकामा गरेका छौं। जसले महीला, सिमान्तकृत समुदाय र अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक तथा सामाजिक उत्थानशीलतामा महत्वपुर्ण भूमिका खेलेको छ। हामीले सैपातुङ्ग, बुढाडेरा, काँक्री, आरुडाँडा, कोईचावाङ्ग जस्ता ठाउँहरुमा हिलट्याङ्क र पाईप सिंचाईहरु गरेका छौं।

सिजन अनुसारका बिउबिजनहरु सहयोग गरेका छौं र पुनरुत्पादक कृषिका प्रबिधिहरु हरेक कृषकहरुलाई सिकाएका छौं। जसले उत्पादन बढाउन र स्वस्थ्य उत्पादन बढाउन मद्धत गरेको छ। ८ जना महीला उद्यमीहरुलाई अल्लोको कपडा बुनाईमा सहयोग गरेको छ। त्यस्तै गरि सहकारीहरुको प्रोडक्ट बनाउन अनि गाउँ पालिकाको कृषि निती तथा लैससास निती बनाउन जस्ता कुराहरुमा सहयोग गरेको।

त्यसै गरि महीलाहरुको कार्यबोझ घटाउने र शसक्तिकरणको क्षेत्रमा समेत पपरियोजनाले काम गरिरहेको छ।

**अन्त्यमा, परियोजनाको आगामी योजना के रहेको छ ?**

अब परियोजनाको अवधि सकिनै लागेको छ। त्यसकारण हामी अब, परियोजनाले सम्पन्न गरेका भौतिक संरचना लगायत अन्य सबै कामहरु स्थानीय सरकारमा सुचीकृत गरि हस्तान्तरण गर्ने प्रक्रियामा छौं। भूमे गाउँपालिकाले शुरुवाट देखी नै परियोजनालाई अपनत्वको भावनाले हेरी हरसंभव सहयोग गरिरहेको छ। हामी यसमा अत्यन्तै खुशी छौं। भमे गाउँपालकिाबाट प्रकाशति हुने पत्रीकामा महत्वपूर्ण विषय राख्ने अवसर दिएकोमा भूमे साप्ताहिकका आम पाठक वर्गमा हार्दिक आभार प्रकत गर्द छौं धन्यवाद।


## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय रूकुम पूर्वको सूचना

**पूर्ण सरसफाइ प्राप्तिको लागि निम्न कुरा अबलम्बन गरौं।**

- दिसा पिसाबका लागि चर्पीको मात्र प्रयोग गरौं।
- दिसा पिसाब गरिसकेपछि, खाना पकाउनुअघि र
- खाना खानु अघि साबुनपानीले राम्रोसँग हात धुने गरौं।
- घरायसी तहमा पिउने पानी को सुरक्षित व्यवस्थापन र शुद्धिकरण गरौं।
- व्यक्तिगत सरसफाइमा ध्यान दिऔं।सुरक्षित खानाको प्रयोग गरौं ।
- घरभित्र र बाहिरका तरल, पच्ने ठोस र नपच्ने ठोस फोहोरमैलाको उचित व्यवस्थापन गरौं।

# कबिता मेरो देश नेपाल



ज्ञान सीप सिक्नु छ,सङघर्षको पछि हिड्नु छ!
छिमेकिले सिमा मिच्दै छ, सिमा हामी जित्नु छ !!

पसिना झैं सम्जी यी मसिले पाना यहाँ भर्नु छ!
अन्यायको विरुद्धमा लड्नु छ यहि देश मै मर्नु छ !!
हरियाली देश अब खदेरी झैं सुक्दै छ!
नेपाली युवा भारत गई भारतीय गोली थोक्दै छ !!

स्वर्ग जस्तै हाम्रो देश नेपाल छैन केहीको कमि !
नेपालकै सेवा गरौं अब नेपाली योद्धा बनी !!

सत्ता चलाउन पाएउँ शासन गर्न पाएउँ जनताले छानेर ! देशको मुहार फेर्ने बेला नबस हैं आँखामा पत्ती बाधेर !!
स्वाभिमानलाई बेची धन कमाउन नखोज हैं तिमी !
जमिन बेची ऋणलिई महलमा रमाउन नखोज हैं तिमी!!

सानो देशलाई जन सानो बनाउन नखोज हैं तिमी !
शान्तिका अग्रधुढ गौतम बुद्धको देश, अशान्ती बनाउन नखोज है तिमी !!

देश गरिब बनाई आफू धनी हुन नखोज हैं तिमी !
भ्रष्टाचार गरी स्वाभिमान हुन नखोज हैं तिमी !!

अन्याय र अत्याचारमा परेकालाई मलमपट्टी लगाउँ!
हत्या हिंसा छुवाछुत भेदभाव शोषणलाई निमोठ्दैं जाउँ!!
गाउँमा विकास गर देशमा विकास गर भ्रष्टाचार छोदिदेउ अब !
समाजमा कुरिती र रुढीबादी तोदिदेउ अब !!

## न्याय हराएको मेरो देश

आन्दोलन गरे किरा फत्याङग्रा पुत्ला हरुले पनी !
संगठन निर्माण गरे यो देशमा स-साना बटुल्लाहरुले पनी !!

सत्ता फेरे शासन फेरे न्याय कता सारिदिए !
रोजगार खोज्दा खोज्दैं देशको होनाहार युवा मारिदिए !!

# रारा तालको महत्वपूर्ण यात्रा

❖ स्वतन्त्रराज चौधरी

रारा ताल, जसलाई महेन्द्र ताल पनि भनिन्छ। नेपालको हिमाली क्षेत्रको सबैभन्दा ठूलो ताजा पानीको ताल हो।कर्णाली प्रदेशको जुम्ला र मुगु जिल्लामा अवस्थित रारा राष्ट्रिय निकुञ्जको मुख्य विशेषता निकै फरक छ।रारा राष्ट्रिय निकुञ्ज एक सय ६ किलोमिटर (४१ वर्ग माइल) भन्दा बढि फैलिएको छ।२ हजार ९ सय ९० मिटर उचाईमा रहेको रारा ताल नेपालको सबैभन्दा गहिरो ताल हो।सो ताल सबैभन्दा पुरानो ताल मध्य एक हो।चारैतिर हरियो पहाडले घेरिएको, जुनिपरको रूखले ढाकिएको, तालको चम्किलो पानीमा छाउन सकिन्छ।

## राराको इतिहास

रारा ताललाई सन् १९७६ मा रारा राष्ट्रिय निकुञ्जको हिस्साको रूपमा समावेश गरिएको थियो।सन् १९७६ मा छपरा र रारा गाउँका नागरिकलाई नेपालगन्जमा पुनर्वास गरिएको थियो। सेप्टेम्बर २००७ सालमा यो क्षेत्रको वरपरी सिमसार क्षेत्र सहित १५८३ हेक्टेयर (६.११ वर्ग माइल) ओगटेको रामसार साइटको रूपमा घोषणा गरिएको थियो।हाल राष्ट्रिय निकुञ्ज सहितको यो क्षेत्र नेपाली सेनाले संरक्षण गरिरहेको छ।

## विशेषताहरु

रारा ताल २९७५ मिटर र (९७६० फीट) को उचाईमा अवस्थित छ।जसको पानीको सतह १०.८ किलोमिटर अधिकतम गहिराई १सय ६७ मिटर (५४८ फिट ),५.१ (३.२ लामो र २.७ किलोमिटर (३.२ माइल) छ।१.७ माइल) चौडा निजर नदी हुँदै मुगु कर्णाली नदीमा मिसिन्छ।यसको पानीको गुणस्तर उच्च पीएच, चालकता, र कुल कठोरता द्वारा विशेषता हो।यो अलि प्रदूषित भएकोले यसलाई ओलिगोट्रोफिकको रूपमा वर्गीकृत गरिएको छ।हावापानी अनुसार तालले दिनमा ५ पटकसम्म आफ्नो रंग परिवर्तन गर्छ।रारा ताल ४,०८७ मिटरमा चुचेमारा डाँडा र ३६३० मिटर उचाईमा रहेको मुर्मा नामक घना जंगलले घेरिएको छ।पहाड पछाडिको तालबाट हिमालय शृङ्खलाको साइपाल हिमालको मनोरम दृश्य देख्न सकिन्छ।तालको एक घुमाउरो पैदल यात्रा गर्न करिब पाँच घण्टा लाग्छ।गर्मीको मौसममा साइबेरियासम्मका चराहरू यस क्षेत्रमा बसाइँ सर्ने पाइन्छ।

## सामाजिक-सांस्कृतिक र धार्मिक मूल्य मान्यता

यस क्षेत्र वरपर बस्ने मानिसहरूको मुख्य पेशा कृषि हो। मानिसहरूले बाख्रा पाल्ने र औषधीजन्य जडीबुटी निकालेर आफ्नो गुजारा चलाउन बेच्ने गरेका छन्। ठाकुर समाजको बाहुल्यता छ। तालको दक्षिण पूर्व कुनामा ठाकुर बाबाको मन्दिर छ। देवता ठाकुरले ताल खोल्नका लागि बाढीबाट हुने क्षति कम गर्न तीर हानेको स्थानीयको विश्वास छ।

## वनस्पतिहरू र जीव

रारा राष्ट्रिय निकुञ्जले घेरिएको रारा तालमा दुर्लभ र जोखिममा रहेका प्रजातिका वन्यजन्तु र वन्यजन्तुको महत्व रहेको छ। निकुञ्ज तालको सौन्दर्य जोगाउन र यसलाई अवसाद र प्रतिकूल मानवीय गतिविधिबाट जोगाउन सन् १९७६ मा स्थापना भएको हो। पार्क वनस्पतिमा १०७४ प्रजातिहरू छन्, जसमध्य १६ नेपालमा स्थानीय छन्। जीवजन्तुमा ५१ प्रजातिका स्तनपायी र २१४ प्रजातिका चराहरू छन्। ताल वरपरका पहाडहरू हिमालयन साइप्रस, वेस्ट हिमालयन स्प्रस, ब्ल्याक जुनिपर र ओक जस्ता शंकुधारी जङ्गलले ढाकिएका छन्। देशको राष्ट्रिय फूल रोडोडेन्ड्रन पनि यहाँ पाइन्छ।

तालमा नेपाली स्नोट्राउट (**Schizothorax macrophthalmus), (S. nepalensis)** र रारा स्नोट्राउट (**S. raraensis)** र एउटा स्थानीय भ्यागुता, रारा लेक भ्यागुता (**Nanorana rarica)** पाइन्छ। रारा स्नोट्राउट (**S. raraensis),** यस तालमा मात्र रेकर्ड गरिएको माछा हो। तालमा २३६ विभिन्न प्रजातिका चराहरू पाइन्छ। हिउँदे आगन्तुक, गडवाल (**Anas strepera), mallard (Anas platyrhynchos),** उत्तरी शोभेलर जस्ता पानीका चराहरू। (**Anas clypeata), Common teal (Anas crecca), tufted duck (Aythya fuligula), Common Golden Eye (Bucephala clangula), Common merganser (Mergus merganser), Common coot (Fulica atra),** र **solitary snipe (Gallinago solitaria)** बसोबास गर्दछन्।

## जलवायु

गर्मी धेरै रमाइलो छ तर जाडो चिसो छ। तालमा भ्रमण गर्ने उत्तम समय सेप्टेम्बर/अक्टोबर र अप्रिल देखि मे हो। डिसेम्बर देखि मार्च सम्म, तापक्रम चिसो बिन्दु भन्दा तल जान्छ। एक मिटर सम्म भारी हिमपात हुन्छ। ताल को बाटो अवरुद्ध। यस क्षेत्रमा अप्रिलदेखि जुन गर्मी हुन्छ। मनसुन सिजन जुलाई देखि अक्टोबर महिना को बीच। १९९४-२००३ को दश वर्षको अवधिमा औसत वर्षा ८०० मिमी (३१इन्च) थियो। तालको सतहको तापक्रम ७.५–७.६ डिग्री सेल्सियस (४५.५–४५.७ डिग्री फारेनहाइट) र १४–१५ मिटर (४६–४९ फीट) भन्दा तल देखिन पाइन्छ।

# केरा खेती प्रवर्द्धन कार्यक्रम माग सम्बन्धी सूचना

भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग), लुम्बिनी प्रदेश, नेपाल कार्यालयको यस चालु आ.व.२०८१/८२ को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत सञ्चालन हुने संघीय सरकारवाट हस्तान्तरित संघ विशेष अनुदान, केरा खेती प्रवर्द्धन कार्यक्रम ५० प्रतिशत अनुदान कार्यक्रममा सहभागी भई प्रत्यक्ष लाभ लिन चाहने भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग) भित्रका कृषि फार्म/ कृषक समूह/ कृषि सहकारी संस्था लिमिटेडहरुले उल्लेखित आवश्यक कागजातहरु संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति वि.सं.२०८१/0६/0६ गते आइतवार भित्र कार्यालय समयमा भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग) कार्यालय तथा सम्बन्धित वडा कार्यालयहरुमा माग गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराईन्छ।

## पेश गर्नुपर्ने आवश्यक कागजातहरु:

- कार्यक्रम माग सम्बन्धमा निवेदन र छाप।
- सञ्चालक/अध्यक्ष/सचिव/कोषाध्यक्ष/व्यवस्थापकको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि।
- सम्बन्धित निकायमा दर्ता तथा नवीकरण प्रमाण-पत्रको प्रतिलिपि।
- स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाण-पत्रको प्रतिलिपि।
- गत आ.व.२०८०/ ८१ को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
- गत आ.व.२०८०/८१को अन्तिम लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि।
- समूह / संस्थाको हकमा कार्यक्रम माग सम्बन्धमा निर्णयको प्रतिलिपि।

**उल्लेखित केरा खेती प्रवर्द्धन कार्यक्रम माग सम्बन्धमा निवेदनको ढाँचानमूना भूमे गाउँपालिका/, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम कार्यालय (पूर्वी भाग), सम्बन्धित वडा कार्यालयहरु र भूमे गाउँपालिका, रुकुम कार्यालयको वेवसाईट (पूर्वी भाग)www.bhumemun.gov.np तथा Facebook pageबाट प्राप्त गर्न सकिनेछ।**

सम्पर्क नं. कृषि प्रसार अधिकृत - स्वतन्त्र राज चौधरी :- ९८४१८०२७३२, ९८२२८२३८२६

प्रा.स. - मोहन कुमार डाँगीः- ९८४७८६१३२९ ना.प्रा.स .- विशाल पुन मगर :- ९८६६९०४६५६, ९८१०९४०९९५

**भूमे गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

**खाबाङबगर, रुकुम (पूर्व)**

## जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाइसराईं, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु सम्बन्धित वडा कार्यालयमा गइ ३५ दिनभित्रै दर्ता गराऔं ।
- आफूले तिर्नु/बुझाउनु पर्ने घर जग्गा कर, मालपोत कर, व्यवसाय कर लगायतका कर तथा शुल्कहरु समयमै बुझाउने बानी बसालौं ।
- सार्वजनिक स्थलहरुमा जथाभावी फोहोर नफालौं, आफ्नो घर आँगन सफा राखौं र फोहरको उचित व्यवस्थापन गरौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेका विकास निर्माण कार्यहरुमा सहभागी हुँदै रेखदेख गरौं ।
- आफ्ना नानी -बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याऔं ।
- विद्यालय जाने उमेर समूहका बालबालिकाहरुलाई विद्यालय पठाऔं, आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔं ।
- गाउँघरमा रहेका पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको संरक्षण गरौं ।
- बालविवाह सामाजिक अपराध भएकाले २० वर्षपछि मात्र विवाह गरौं र गराऔं ।
- सार्वजनिक सम्पत्ति, ऐतिहासिक, पुरातात्विक सम्पदाहरुको संरक्षण गरौं ।
- वनमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- अपाङ्गता भएका व्यक्तिहरु, असहायहरु, जेष्ठ नागरिकहरु र बालबालिकाहरुलाई आवश्यक सहयोग गर्ने बानी बसालौं ।
- व्यवसाय सञ्चालन गर्दा गाउँपालिका वा सम्बन्धित निकायमा अनिवार्य दर्ता गराइ सञ्चालन गर्ने गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बीउबिजनको प्रयोग गरी कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरौं ।
- घरेलु हिंसा, लैङ्गिक हिंसा, जातीय भेदभाव लगायतका सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- प्लास्टिक जथाभावी नफालौं, प्लास्टिकको न्यून प्रयोग गरौं, प्लास्टिकमुक्त गाउँ बनाउने अभियानमा सबैले सहयोग गरौं ।